# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९ संख्याः ५ मितिः २०८२।०४।०५**


## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको यातायात व्यवस्थापन ऐन, २०८२

**प्रस्तावना :** बागमती गाउँपालिका क्षेत्रभित्र वा बागमती गाउँपालिकालाई केन्द्र बनाई यहाँबाट बाहिरी स्थानीय तह र जिल्लामा सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी अभिवृद्धि गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री एवम् उपभोक्तामुखी यातायात सेवा संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोल स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१), र दफा ११ को उपदफा (५) (ग) बमोजिम बागमती गाउँपालिकाको गाउँ सभाले यो ऐन जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सार्वजनिक यातायात व्यवस्था ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले बागमती गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झन पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "टिकट" भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनुपर्छ। यस शब्दले ई-टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई बुझाउनेछ।

(ज) "गाउँ सभा सदस्य" भन्नाले बागमती गाउँपालिकाको गाउँ सभाको सदस्यलाई सम्झनुपर्छ।

(झ) "निर्धारित" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा बागमती गाउँपालिकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समय समयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनुपर्छ।

(ञ) "पार्किङ्ग स्थल" भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनुपर्छ।

(ट) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनुपर्छ।

(ठ) "बस बिसौनी" भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनुपर्छ।

(ड) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिकालाई सम्झनुपर्छ।

(ढ) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट संचालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल पेट्रोलबाट संचालन हुनेलाई ग्याँस वा हाइब्रिडमा रुपान्तरण गरी संचालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनुपर्छ।

(ण) "विद्युतीय सवारी साधन" भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट संचालन हुने सवारी साधन सम्झनुपर्छ।

(त) "वातावरणमैत्री सवारी साधन" भन्नाले वैकल्पिक वा नवीकरणीय उर्जाबाट संचालन हुने वा गाउँपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनुपर्छ।

(थ) "सङ्घीय कानुन" भन्नाले सङ्घीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुनलाई सम्झनुपर्छ।

(द) "प्रदेश कानुन" भन्नाले प्रदेश सभा, बागमती प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुनलाई सम्झनुपर्छ।

(ध) "संस्था" वा "कम्पनी" भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा संचालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनुपर्दछ।

(न) "सार्वजनिक यातायात" भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस, जीप, अटो रिक्सा, सिटी रिक्सा, मिनिबस, माइक्रोबस लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी संचालन गरिएका यातायातका साधन सम्झनुपर्दछ।

(प) "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा कामकारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैरसरकारी संघसंस्थालाई समेत सम्झनुपर्दछ।

(फ) "सेवा प्रदायक" भन्नाले सार्वजनिक यातायात सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित संघसंस्था, कम्पनी वा व्यक्ति सम्झनुपर्दछ।

## परिच्छेद-२
## टिकट सम्बन्धी व्यवस्था

**३. टिकटको प्रयोग :** (१) सार्वजनिक यातायातको संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्री टिकटहरु प्रयोग गर्न सकिनेछ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नुपर्नेछ।

**४. टिकट अनिवार्य दिनुपर्ने :** १) सार्वजनिक यातायातका साधन चढ्नु भन्दा पहिले वा चढेलगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्य रुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुनेछ।

(२) विद्युतीय टिकट रहेको खण्डमा ई-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ।

(३) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ।

(४) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लिल सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

**५. टिकट अनिवार्य लिनुपर्नेः** गाउँपालिका क्षेत्रभित्र रुट कायम भई संचालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढेलगत्तै निर्धारित भाडा तिरी टिकट लिनु पर्नेछ।

**६. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने :** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनयुद्ध र जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानुनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायबाट जारी भएको परिचयपत्र देखाउनु पर्नेछ।

## परिच्छेद-३
## सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीको दायित्व

**७. संस्था वा कम्पनीको दायित्व :** (१) सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछ :

(क) यात्रुहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओर्लने ( पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रुवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र सहचालकलाई निर्धारित पोसाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मतसम्भार तथा सरसफाइ गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त, बालबालिका, ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र सहचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्टएड बक्स), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सवारी साधनमा गाउँपालिकाको स्वीकृतिविना विज्ञापन नगर्ने,

(ञ) गाउँपालिकाबाट अनुमति नलिई वा नवीकरण नगरी गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा संचालन नगर्ने,

(ट) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा संचालन गर्दा गाउँपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडा लिने व्यवस्था मिलाउने,

(ठ) गाउँपालिका भित्रका मुख्य बस्ती क्षेत्रमा नियमित रुपमा यातायात साधन सञ्चालनको व्यवस्था मिलाउने

(ड) सम्बन्धित निकाय वा गाउँपालिकाले समय-समयमा तोकेको मापदण्ड पूरा नभएका साधन नचलाउने,

(ढ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ण) गाउँपालिकाबाट अनुमति प्राप्त सक्षम एवं योग्य वर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने,

(त) गाउँपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने,

(थ) गाउँपालिकाबाट समय-समयमा तोकेका कार्यहरु गर्ने/गराउने ।

२) सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीले देहायको कार्य गर्ने तर्फ निर्देशित हुनुपर्नेछः-

(क) यात्रीको सुरक्षाको व्यवस्था गर्ने/गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा यात्रा गर्न सक्ने व्यवस्था गर्ने,

(घ) यात्रीवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन सूचना पाटी सेवा प्रदान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवाको बारेमा सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था गर्ने,

(च) यात्रीहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक रुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

(छ) खनिज इन्धनका सवारी साधनलाई विद्युतबाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्दै लैजाने ।

**परिच्छेद-४**

## सवारी चालक, परिचालक तथा यात्री सम्बन्धी व्यवस्था

**८. सवारी चालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

**९. सहचालक** : देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको सहचालक हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेका

**१०. चालक, परिचालक तथा यात्रीलाई प्रशिक्षणः** (१) गाउँपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित चालक, सहचालक तथा यात्रीहरुलाई सार्वजनिक यातायात सम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायात सम्बन्धी सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालक तथा सहचालकहरुलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा परिचालकहरुलाई गाउँपालिकाबाट तोकिए बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गरिनेछ ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदलयात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामुलक प्रशिक्षण दिइनेछ ।

## परिच्छेद-५

## कर्तव्य तथा निषेधित कार्यहरु

**११. यात्रीको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा प्रयोग गर्ने यात्रीले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायातमा यात्रा गर्दा देहायका कार्य गर्नु हुँदैन ।

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ख) आरक्षित यात्रुका लागि आरक्षण गरी छुट्टयाईएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा तोकिए बाहेक अन्य शर्तमा कम भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका परिचय-पत्र देखाई भाडा छुटका लागि दावी गर्ने,

(च) नक्कली परिचय-पत्रबाट सुविधा लिन प्रयत्न गर्ने,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाँडो बाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने,त्यस्तै प्रकृतिका सामग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डर, धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गन प्रोत्साहित गर्ने,

(ण) पकेटमार वा अन्य चोरी गर्ने,

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१२. **चालकको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा संचालन गर्ने चालकले यात्री, सहचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा संचालन गर्ने चालकले देहायका कार्य गर्नु हुँदैन

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) पोसाक निर्दिष्ट भएको हकमा निर्धारित पोसाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समयभन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) जेब्रा-क्रसिङ्गमा पैदल यात्रीलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लिल फोटो टाँस्ने, अश्लिल गीत बजाउने वा अश्लिल शब्द बोल्ने,

(ज) जथाभावी पार्किङ्ग गर्ने,

(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ट) यौनजन्य दुर्व्यवहार गर्ने,

(ठ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१३. **सहचालकको कर्तव्य :** (१) सार्वजनिक यातायात सेवा संचालनमा संलग्न सहचालकले यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा संचालनमा संलग्न सहचालकले देहायका कार्य गर्नु हुँदैन :

(क) यात्रीसँग निर्धारित भन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) तोकिएको अवस्थामा समेत निर्धारित पोशाक नलगाई सार्वजनिक यातायातको साधनमा परिचालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ज) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१४. पैदल यात्रीको दायित्व :** (१) मानिस हिँड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्नेछ । पेटी नभएको सडकमा हिँड्दा सो सडकको किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा-क्रसिङ्ग वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ ।

(३) सडक पेटीमा यात्रा गर्ने पैदलयात्रीले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदलयात्रीले देहायका कार्यगर्नु हुँदैन :

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवत-जावतलाई असर पर्नेगरी अनावश्यक रुपमा भेलाहुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,

(घ) गाउँपालिकाले समय-समयमा गर्न नहुने भनी तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद-६

## समन्वय तथा अनुगमन सम्बन्धी व्यवस्था

**१५. समन्वय गर्ने** : गाउँपालिकाले सार्वजनिक यातायात व्यवस्थापनका लागि सार्वजनिक यातायात प्रणालीमा समयानुकूल स्थानीय नीति तर्जुमा गर्न, नियमन गर्न, एकीकृत यातायात अवधारणा अनुरुप सार्वजनिक यातायात संचालन र व्यवस्थापन गर्न, सार्वजनिक यातायातमा नवीन अवधारणा अवलम्वन गर्न तथा सार्वजनिक यातायात सेवाको गुणस्तर वृद्धि गरी समग्र यातायात सेवा प्रणालीमा प्रभावकारिता वृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सार्वजनिक यातायात सेवा-प्रदायक संस्था तथा कम्पनी, उपभोक्ता हित संरक्षण संवद्ध संघसंस्थाहरु, सुरक्षा निकाय, ट्राफिक प्रहरी, आम सञ्चारका क्षेत्र, नागरिक समाज समेतसँग छलफल, अन्तरक्रिया र परामर्श गरी सरोकारवाला निकायहरु बीचमा समन्वय गर्नेछ ।

**१६. अनुगमन समिति सम्बन्धी व्यवस्था** : १) सार्वजनिक यातायात सेवा प्रदायकले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय सार्वजनिक यातायातको सञ्चालन गरे नगरेको, चालक, सहचालक तथा यात्रीले ऐन बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुन बमोजिम कारवाही गर्न/गराउन देहाय बमोजिमको समिति गठन हुनेछ ।

(क) अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको सदस्य -संयोजक,

(ख) गाउँ सभा सदस्य मध्येबाट अध्यक्षले तोकेको कम्तीमा १ (एक) जना महिला सहित ३ (तीन) जना -सदस्य,

(ग) ट्राफिक स्थानीय प्रहरी प्रतिनिधि -सदस्य,

(घ) नगर प्रहरी प्रमुख - सदस्य,

(ङ) कानुन शाखा प्रमुख -सदस्य,

(च) सार्वजनिक यातायात सेवा प्रदायक संस्था वा कम्पनीहरु मध्येबाट अध्यक्षले तोकेको तीन जना -सदस्य,

(छ) उपभोक्ता हित संरक्षण संवद्ध संघ-संस्थाहरु मध्येबाट अध्यक्षले तोकेको तोकेको एक जना-सदस्य,

(ज) पूर्वाधार शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) मा उल्लिखित व्यक्तिको पदावधि ३ (तीन) वर्षको हुनेछ।

(३) उपदफा (१) को समितिले जुनसुकै स्थान तथा समयमा सार्वजनिक यातायात सेवाको नियमन गर्न, चेक जाँच गर्न, आवश्यक निर्देशन दिन, आवश्यक कारवाही गर्न तथा नियमित कारवाहीको लागि घुम्ती निरीक्षक तोक्न वा सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) उपदफा (१) मा उल्लिखित कुनै व्यक्तिको कार्य सन्तोषजनक नलागेमा गाउँपालिकाले त्यस्तो व्यक्ति हटाई सम्बन्धित क्षेत्रको अर्को व्यक्तिलाई नियुक्त गर्न सक्नेछ।

(५) उपदफा (१) को समितिले आफूलाई प्राप्त अधिकार गाउँपालिकाका अन्य जनप्रतिनिधिहरु, ट्राफिक प्रहरी, स्थानीय प्रहरी वा कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अधिकार प्राप्त जनप्रतिनिधिहरु वा कर्मचारीहरुले अनुगमन गरी कसैबाट ऐन विपरीतको कार्य भए परिच्छेद-७ बमोजिम सजाय गर्न सक्नेछ।

(७) उपदफा (१) को समितिले दिएको निर्देशन पालना गर्नु सेवाप्रदायक, चालक, सहचालक, यात्री तथा तोकिएका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र घुम्ती निरीक्षकको कर्तव्य हुनेछ।

(८) उपदफा (१) बमोजिमको अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-७
## सजाय सम्बन्धी व्यवस्था

**१७. सजाय :** (१) देहायको कसुर गर्नेलाई अनुगमन समितिले देहाय बमोजिमको सजाय गर्न सक्नेछ

(क) दफा ७ को उपदफा (१) को खण्ड (क) देखि (ज) सम्मको कार्य नगरी कसुर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु. १,०००/- (एक हजार रुपैयाँ), दोश्रो पटक रु. २०००/- (दुई हजार रुपैयाँ) र त्यसपछि प्रत्येक पटक रु. ५,०००/- (पाँच हजार रुपैयाँ) जरिवाना हुनेछ।

(ख) दफा ७ को उपदफा (१) को खण्ड (झ) देखि (थ) सम्मको कसुर गर्ने संस्था वा कम्पनीलाई पहिलो पटकको लागि रु. १,५००/- (एक हजार पाँच सय रुपैयाँ) र दोश्रो पटक देखि प्रत्येक पटक रु. ५,०००/- (पाँच हजार रुपैयाँ) का दरले जरिवाना गरी एक हप्ता भित्रमा ऐनको व्यवस्था पालना

गर्ने मौका दिनुपर्नेछ। सो अवधिमा पनि ऐनको व्यवस्था पालना नगरेमा यातायात संचालनमा रोक लगाउन सकिने छ।

(ग) दफा ११ को उपदफा (२) को खण्ड (क) देखि (च) सम्मको कसुर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु. ५००/- (पाँच सय रुपैयाँ) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. १,०००/- (एक हजार रुपैयाँ) जरिवाना हुनेछ।

(घ) दफा ११ को उपदफा (२) को खण्ड (छ) देखि (ञ) सम्मको कसुर गर्ने यात्रीलाई पहिलो पटकको लागि रु. ५००/- (पाँच सय रुपैयाँ) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. १५००/- (एक हजार पाँच सय रुपैयाँ) जरिवाना हुनेछ।

(ङ) दफा ११ को उपदफा (२) को खण्ड (ट) देखि (त) सम्मको कसुर गर्ने यात्रीलाई तत्काल सार्वजनिक यातायातको साधनबाट बाहिर निकाली आवश्यक कारवाहीको लागि नजिकमा रहेको ट्राफिक प्रहरी, नगरप्रहरी वा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई जिम्मा लगाउनु पर्नेछ। उल्लिखित कसुर गर्ने यात्रीलाई रु. ५,०००/- (पाँच हजार रुपैयाँ) जरिवाना साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

(च) दफा १२ को उपदफा (२) को खण्ड (क) देखि (ङ) सम्मको कसुर गर्ने चालकलाई पहिलो पटकको लागि रु. १,०००/- (एक हजार रुपैयाँ) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. २,०००/- (दुई हजार रुपैयाँ) जरिवाना हुनेछ।

(छ) दफा १२ को उपदफा (२) को खण्ड (च) देखि (ज) सम्मको कसुर गर्ने चालकलाई पहिलो पटकको लागि रु. १,०००/- (एक हजार रुपैयाँ) र दोश्रो पटकदेखि प्रत्येक पटक रु. ५,०००/- (पाँच हजार रुपैयाँ) जरिवाना हुनेछ।

(ज) दफा १२ को उपदफा (२) को खण्ड (झ) देखि (ठ) सम्मको कसुर गर्ने चालकलाई पहिलो पटकको लागि रु. १,०००/- (एक हजार रुपैयाँ) र दोश्रो पटकमा समेत सोही कसुर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गरिनेछ। अनुगमन समितिले गरेको सिफारिस बमोजिम कारवाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुनेछ।

(झ) दफा १३ को उपदफा (२) को खण्ड (क) देखि (घ) सम्मको कसुर गर्ने सहचालकलाई पहिलो पटकको लागि रु. १,०००/- (एक हजार रुपैयाँ) र दोश्रो पटक देखि रु. २,०००/- (दुई हजार रुपैयाँ) जरिवाना हुनेछ।

(ञ) दफा १३ को उपदफा (२) को खण्ड (ङ) देखि (ज) सम्मको कसुर गर्ने सहचालकलाई पहिलो पटकको लागि रु. १,५००/- (एक हजार पाँच सय रुपैयाँ) र दोश्रो पटकमा समेत सोही कसुर गरेमा अनुगमन समितिले सेवाबाट हटाउन सम्बन्धित संस्था वा कम्पनीलाई सिफारिस गर्नेछ। अनुगमन समितिले गरेको सिफारिस बमोजिम कारवाही गर्नु सम्बन्धित संस्था वा कम्पनीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम यातायात संचालनमा रोक लगाउने तथा खण्ड (ज) र खण्ड (ञ) बमोजिमको कारवाही गर्नुअघि त्यस्तो व्यक्तिलाई सुनुवाइको मौका दिनुपर्नेछ।

(३) यस दफामा लेखिएका व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने कुनै पनि कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ङ) बाहेकका सजाय सम्बन्धमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले सजाय पाएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँपालिकाको न्यायीक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

(५) यस परिच्छेद बमोजिम भएको सजायको अभिलेख सदस्य सचिवले अद्यावधिक गर्नु पर्नेछ ।

## परिच्छेद-८
## विविध

**१८. यात्री बिमा सम्वन्धी व्यवस्था :** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानुनले तोके बमोजिम बिमा गर्नुपर्नेछ ।

**१९. यातायात कोष संचालन सम्बन्धी विशेष व्यवस्था :** (१) गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध संघसंस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायात कोष सञ्चालन तथा व्यस्थापन गर्न सक्नेछ ।

(२) सार्वजनिक यातायात संचालन हुने सार्वजनिक यातायात साधनको बाटो ईजाजत लिनुपूर्व गाउँपालिकाको अनिवार्य सिफारिस लिएर मात्र यातायात व्यवस्था कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकालाई केन्द्र बनाई संचालन हुने लामो तथा छोटो दूरीका सार्वजनिक सवारी साधन सेवा प्रदायक कम्पनी प्रा.लि. ले सञ्चालन गर्नुपूर्व तथा इजाजत नवीकरण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको सिफारिस लिएर मात्र गर्नुपर्नेछ ।

**२०. अन्य प्रकारका सवारी साधनलाई समेत लागू हुने :** यस ऐनमा उल्लेख भएका व्यस्थाहरु मध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागू हुनेछ :

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने,
(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने,
(ग) निर्धारित स्थान बाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने,
(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने,
(च) सवारी साधन सफा र तयारी हालतमा राखी सञ्चालन गर्नुपर्ने,
(छ) निर्धारित अधिकतम् गति भन्दा तीब्र गतिमा सवारी साधन नचलाउने,
(ज) पैदलयात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने,
(झ)आकस्मिक सेवामा संचालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, सडक मर्मत तथा उद्धारका लागि परिचालन गरिएका हेभी इक्विपमेण्टहरु, दूध बोक्ने ट्यांकर, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने,



बागमती गाउँपालिका, मकवानपुर

(ञ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ट) प्रचलित कानुन बमोजिम पालना गर्नु पर्ने अन्य कुरा पालन गर्ने।

२१. **विशेष सहुलियत दिन सकिने :** गाउँपालिकाले गाउँपालिकाभित्र सञ्चालन गर्ने सेवाकेन्द्रित विशेष सवारी, बिजुली बस, वातावरणमैत्री बसजस्ता यातायातका साधन संचालनमा ल्याउने संस्था वा कम्पनीलाई तोकिए बमोजिम विशेष सहुलियत दिन सक्नेछ ।

२२. **जनचेतना कार्यक्रम गर्न सक्नेः** गाउँपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२३. **घरपालुवा पशुपंक्षी छाड्न नहुने :** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुँदैन । तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा वाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२४. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख नभएका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६. **नियम, निर्देशिका, मापदण्ड बनाउने अधिकारः** कार्यपालिकाले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,<br>
ओम बहादुर दर्जी<br>
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर